# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
# SEROPHERO

अंक २०७९।०८०।०९ — २०७९ चैत्र


| Statement of patients flow for the month of Magh 2079 | |
|---|---|
| OPD | No. of patients |
| General Practice & Emergency Medicine | 1391 |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 1820 |
| Internal Medicine | 4216 |
| Obstetrics & Gynaecology | 3208 |
| General Surgery | 2869 |
| Cardiology | 1080 |
| Gastroenterology & Hepatology | 615 |
| Pulmonary, Critical Care & Sleep Medicine | 657 |
| Dental | 1396 |
| Dermatology & Venerology | 1879 |
| Otorhinolaryngology and Head & Neck Surgery | 1947 |
| Ophthalmology | 827 |
| Orthopedics | 2923 |
| Psychiatry | 1013 |
| CTVS | 1 |
| Unspecified in MIDAS | 755 |
| | **Total: 25206** |
| **Emergency** | |
| Central | 2090 |
| Obstetrics & Gynecology | 723 |
| Pediatrics | 889 |
| | **Grand Total: 30299** |
| Paying (EHS) | 1742 |
| Nepal Govt. Social Insurance Scheme | 19723 |
| Other different Schemes | 8834 |
| Ward (IPD) | 3813 |
| **For the month of Falgun 2079** | |
| ICU/CCU/DICU/SICU | 190 |
| NICU/PICU/MICU/Nursery | 127 |
| Dialysis | 1163 |
| ***Source: Medical Record Section & Nursing Service*** | |

## निमित्त उपकुलपति प्रा.डा.शर्माको अध्यक्षतामा Local Friends of BPKIHS को बैठक सम्पन्न

प्रतिष्ठानका निमित्त उपकुलपति एवम् शिक्षाध्यक्ष प्रा.डा.संजिब कुमार शर्माको अध्यक्षतामा २०७९ फाल्गुन १८ गते बिहिबार Local Friends of BPKIHS को बैठक सम्पन्न भएको छ । बैठकमा प्रतिष्ठानको आफ्नो शैक्षिक, स्वास्थ्य सेवा तथा आर्थिक क्षेत्रहरुमा भए गरेका प्रगती विवरण बारे जानकारी प्रस्तुत गरिएको थियो । प्रतिष्ठानबाट हाल प्रवाह गरिदै आएको स्वास्थ्य उपचार सेवा सुविधाहरु लगायत थप सेवा विस्तारका लागि गर्नुपर्ने कार्यहरु, शैक्षिक क्षेत्रको विकास विस्तार तथा प्रतिष्ठानको विद्यमान आर्थिक अवस्थाको बारे प्रस्तुत जानकारी उपर सदस्यहरु बीच छलफल भई महत्वपूर्ण सुझावहरु प्राप्त भएको छ । प्रतिष्ठानको आगामी दिनको कार्य योजनाहरु यसै अनुरुप तर्जुमा गरिनेछ । हाल ४२ सदस्यीय पुनर्गठित समितिमा मनोनित भएका सदस्यहरुको कार्यकाल दुई वर्षको रहेको छ ।

## प्रतिष्ठानमा Tumor Board Team गठन तथा क्यान्सर उपचार सेवामा विस्तार

प्रतिष्ठानमा प्रत्येक महिना करिब ७ सय देखि ९ सय बिरामीहरु परामर्श तथा उपचार सेवाका लागि क्यान्सर ओ.पी.डी. मा आउने गरेका छन् । त्यसमध्ये करिब २ सय देखि ४ सय बिरामीहरु भर्ना हुन्छन् भने १ सय ५० देखि २ सय बिरामीहरुले Day Care Chemotherapy सेवा लिने गरेका छन् । हाल प्रतिष्ठानमा क्यान्सर रोग सम्बन्धी उपलब्ध सहज र सुलभ सेवाका कारण देशका विभिन्न भागबाट तथा भारतको सीमावर्ती क्षेत्रहरुबाट समेत क्यान्सरका बिरामीहरु उपचारका लागि प्रतिष्ठानमा आउने गरेका छन् । यसरी प्रतिष्ठानमा आउने क्यान्सर रोगीहरुको बढ्दो चापलाई मध्यनजर गर्दै प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादले क्यान्सर सम्बन्धी रोकथामको रणनीतिहरु प्रवर्द्धन गर्न, प्रमाणमा आधारित हेरचाह बढाउन र प्रतिष्ठानमा क्यान्सर रोग सम्बन्धी अनुसन्धानलाई प्रोत्साहन दिन इन्टर्नल मेडिसिन बिभागकी एसोसिएट प्रोफेसर डा.सोनिया दुलालको संयोजकत्वमा २४ सदस्यीय Tumor Board Team गठन गर्नुभएको छ । उक्त Team का अन्य सदस्यहरुमा डर्माटोलोजी बिभागबाट प्रा.डा.सुधा अग्रवाल तथा डा. धनकेशर खड्का, प्याथोलोजी बिभागबाट प्रा.डा.स्मृती कार्की, प्रा.डा.परिचा उपाध्याय, डा.अन्जु प्रधान, डा.पुनम पौडेल, डा.यमुना अग्रवाल, डा.राजन साह, डा.मोना दाहाल, इन्टर्नल मेडिसिन बिभागबाट डा.रोबिन मास्के, डा.विकास कुमार साह, पल्मोनोलोजी, क्रिटिकल केयर एण्ड स्लिप मेडिसिन

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउंदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

सूचना तथा सञ्चार केन्द्र

बिभागबाट डा.दिव्यराज मिश्र, सि.टि.भि.एस. बिभागबाट डा.लोकेश शेखर जैसवाल, बालरोग बिभागबाट डा.शिप्रा चौधरी, हाडजोर्नी बिभागबाट डा.याम बहादुर गुरुङ्ग, सर्जरी बिभागबाट डा.रिकेशजङ्ग कार्की, डा.शारदा खड्का, डा.राजेश प्रसाद साह, डा.आलोक दाहाल, डा.भवानी खनाल, जि.आई. सर्जरी बिभागबाट डा.कुणाल बिक्रम देव, एनेस्थेसिया बिभागबाट डा.परिनिता थापाका साथै स्त्री तथा प्रसुतीरोग बिभागबाट डा.रमेश श्रेष्ठ रहनु भएको छ ।

यसै सन्दर्भमा प्रतिष्ठानबाट उपलब्ध गराउदै आएको क्यान्सर रोगको रोकथाम र उपचार सेवालाई अझ बढी प्रभावकारी बनाउन इन्टर्नल मेडिसिन बिभागले मिति २०७९ चैत्र १ गते देखि हरेक आइतबार दिउँसो २:०० बजे बिभागको ओ.पी.डी. कोठा नं. ८ मा क्यान्सर स्किनिङ्ग क्लिनिक संचालनमा ल्याएको छ । उक्त क्लिनिकमा बिभागका एसोसिएट प्रोफेसर डा.सोनिया दुलालले Cervical Cancer, Breast Cancer, Colo-rectal Cancer तथा Lung Cancer सम्बन्धी स्किनिङ्ग कार्य लगायत उपचार सेवा प्रदान गर्दै आउनु भएको छ ।

प्रतिष्ठानमा Oncology Center स्थापनाका लागि आवश्यक दक्ष नर्सिङ्ग जनशक्तीको परिपूर्तिका लागि इन्टर्नल मेडिसिन बिभाग अन्तर्गतका ५ जना नर्सिङ्ग कर्मचारीहरुलाई डा.सोनिया दुलालको पहलमा Cancer Care सम्बन्धी Basic Course गराइएको छ । उक्त Course सम्पन्न गराउन लाग्ने शुल्क Prince Margaret Cancer Center ले प्रायोजन गरी सहयोग गरेको थियो ।

साथै, इन्टर्नल मेडिसिन बिभागको आयोजनामा मार्च १२, २०२३ का दिन अडिटोरियम हलमा University of Alabama, Birmingham का इपियोडोलोजीका प्राध्यापक तथा Quilet endowed Professorship in Public Health डा.सदीप श्रेष्ठले



"Challenges/Oppertunities of Public Health Research in Nepal" विषयमा आफ्नो Guest Lecture प्रस्तुत गर्नु भयो । उक्त Lecture मा जनस्वास्थ्य सम्बन्धी अनुसन्धनात्मक कार्यहरुका बारेमा विस्तृत व्याख्या गर्नुका साथै HPV सम्बन्धी क्यान्सर, स्किनिङ्ग, खोप आदि लगायतका बारेमा डा.श्रेष्ठले प्रष्ट्याउनु भयो ।

## प्रतिष्ठानमा World Oral Health Day 2023 मनाइयो



हरेक वर्ष मार्च २० का दिन विश्वभरी नै मनाइने "विश्व मुख स्वास्थ्य दिवस (World Oral Health Day)" यस वर्ष पनि प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरीमा बिभिन्न जनचेतनामूलक कार्यक्रमहरु गरी मनाइयो । Nepal Dental Association, Sunsari Branch तथा Nepal Dental Association, Sunsari Branch को विद्यार्थी ईकाइले संयुक्त रुपमा आयोजना गरेको उक्त कार्यक्रममा चिकित्सक तथा विद्यार्थीहरुले फोटो, पोष्टर, ई-पोष्टर, भिडियो, आर्टिकलहरु प्रदर्शन गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले नाटक, Face Paint तथा Flash Mob समेत प्रस्तुत गरेका थिए । "आफ्नो मुखको स्वास्थ्य माथी गर्व गरौ" यस वर्षको नारा रहेको उक्त कार्यक्रम प्रतिष्ठानका निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा.संजिब कुमार शर्मा, शैक्षिक डीन, प्रा.डा.शिवेन्द्र झा तथा कलेज अफ डेन्टल सर्जरीका चिफ, प्रा.डा.आशिष श्रेष्ठ लगायत शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी तथा सर्वसाधारणको उपस्थितीमा भव्यताका साथ सम्पन्न भएको थियो । स्वस्थ मानव जीवनका लागि मुखको स्वास्थ्य पनि अत्यन्तै आवश्यक रहेको छ । यसको सुरक्षाका निम्ति जनचेतना फैलाउनु अपरिहार्य रहेकाले यसका लागि दन्त चिकित्सक, विद्यार्थी एवम् सर्वसाधारणको समेत महत्वपूर्ण भूमिका रहने Dental Association of Sunsari Branchका अध्यक्ष तथा Conservative Dentistry बिभागका प्रमुख डा.मन्नु विक्रमले कार्यक्रममा प्रष्ट्याउनु भयो । यसका लागि आवश्यक पर्ने कदमहरु चाल्दै आएको र भविष्यमा पनि यसले निरन्तरता पाइरहने वहाँले बताउनु भयो ।

यसै अवसरमा प्रतिष्ठानको पब्लिक हेल्थ डेन्टिष्ट्रि विभागले उदयपुर जिल्ला, बेलका नगरपालिका ८ स्थित श्री माहाकाली माध्यामिक विद्यालयमा मुखको स्वास्थ्य सम्बन्धी शिक्षा तथा चेतनामूलक कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विद्यार्थीहरुलाई गुलियो पदार्थ र दाँतको सडन, दाँत माझ्ने विधि तथा हात धुने तरिकाका बारे शिक्षाप्रद खेल खेलाएर सिकाइएको थियो भने खेलमा प्रथम दोश्रो र तेश्रो हुने विद्यार्थीहरुलाई पुरस्कृत समेत गरियो ।



साथै, सोही असवरमा प्रतिष्ठानको सहकार्यमा चतरा अस्पतालको दन्त चिकित्सा विभागद्वारा चतरास्थित वृद्धाश्रममा एक दिने दन्त शिविरको पनि आयोजना गरिएको थियो। उक्त शिविर २० जना भन्दा बढी ज्येष्ठ नागरिकहरुको मुख तथा दाँतको स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था गरिएको थियो ।

## Gallbladder Cancer सम्बन्धी CME कार्यक्रम सम्पन्न

प्रतिष्ठानको सर्जरी बिभागको आयोजनामा २०७९ फाल्गुण ५ गते प्रतिष्ठानको अडिटोरियममा पित्तथैलीको क्यान्सर "Gallbladder Cancer" शिर्षकमा एक दिने CME कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा रेडियोलोजी बिभाग, प्याथोलोजी बिभाग, सर्जिकल ग्याष्ट्रोइन्ट्रेरोलोजी बिभाग, ग्याष्ट्रोइन्ट्रेरोलोजी बिभाग तथा इन्टर्नल मेडिसिन बिभाग अन्तर्गत मेडिकल अन्कोलोजी लगायतका शिक्षक, चिकित्सकहरुले आ-आफ्नो प्रस्तुतीकरण एवम् ब्याख्यान दिनुभएको थियो ।



उक्त अवसरमा रेडियोलोजी बिभागका डा.करुण देवकोटाले Radiological Investigations for Diagnosis and Staging of Gallbladder Cancer तथा प्याथोलोजी बिभागकी डा.सूचना बरालले Gallbladder Cancer को सर्जिकल प्याथोलोजी शिर्षकमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, इन्टर्नल मेडिसिन बिभाग अन्तर्गत मेडिकल अन्कोलोजीकी डा.सोनिया दुलालले Neo/AdJuvant Therapy in Gallbladder Cancer तथा ग्याष्ट्रोइन्टेरोलोजी बिभागका बिभागीय प्रमुख प्रा.डा.बिक्रम प्रधानले PBD/Palliation (SOJ, GOO) in Gallbladder Cancer विषयमा ब्याख्यान दिनु भएको थियो । यसका साथै सर्जरी बिभागका बिभागीय प्रमुख प्रा.डा.राकेश कुमार गुप्ताले Extended Cholecystectomy for Gallbladder Cancer शिर्षकमा आफ्नो प्रस्तुती दिनु भएको थियो भने सर्जिकल ग्याष्ट्रोइन्टेरोलोजी बिभागका डा.कुणाल बिक्रम देवले Multi-visceral Resections for Gallbladder Cancer बारे प्रस्ट्याउनु भएको थियो । उक्त कार्यक्रमको Panel Discussion अन्तर्गत Locally Advance Gallbladder Cancer बारेमा Panelist हरु प्रा.डा.बिक्रम प्रधान, डा.नरेन्द्र पण्डित, डा.बिरेन्द्र यादव, डा.अन्जु प्रधान, डा.रोहित प्रसाद यादव र डा.करुण देवकोटा बीच बृहत छलफल भएको थियो । उक्त Panel Discussion को सहजकर्ता डा.कुणाल बिक्रम देव रहनु भएको थियो । प्रतिष्ठान लगायत पूर्वाञ्चलका बिभिन्न मेडिकल कलेजहरु एवम् अस्पतालहरुका करीब ९० भन्दा बढी शिक्षक चिकित्सकहरुको सहभागिता रहेको उक्त CME कार्यक्रमको अध्यक्षता पूर्वाञ्चल क्षेत्रिय अस्पताल, बिराटनगरका वरिष्ठ सर्जन डा.सुनिल चन्द्र अधिकारीले गर्नु भएको थियो ।

## मूल्यांकन समितिको संयोजकमा प्रा.डा.शाह

प्रतिष्ठानका लागी आवश्यक पर्ने सेवा एवम् सरसामाग्रीहरु खरीद गर्न सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिमको काम कारवाही गर्नका लागि प्रतिष्ठान कार्यकारिणी समितिको निर्णायानुसार निमित्त उपकुलपति एवम् शिक्षाध्यक्ष प्रा.डा.संजिब कुमार शर्माले कम्यूनिटी हेल्थ नर्सिङ्ग बिभागकी प्रा.डा.तारा शाहको संयोजकत्वमा मूल्यांकन समितिको गठन गर्नुभएको छ । खरीद अधिकारी सचिव रहने उक्त समितिका सह-संयोजकमा बायोकेमिष्ट्री विभागका एसोसियट प्रोफेसर डा.राजेन्द्र कुमार चौधरी रहनु भएको छ । त्यसैगरी समितिको सदस्यहरुमा आर्थिक प्रशासन महाशाखा प्रमुख, इलेक्ट्रिकल इन्जिनियरिङ्ग शाखा प्रमुख, सिभिल इन्जिनियरिङ्ग शाखा प्रमुख, इलेक्ट्रोमेड शाखा प्रमुख, बायोमेडिकल इन्जिनियर, कम्प्युटर व्यवस्थापन शाखा प्रमुख, फार्मेसी प्रमुख, कानुनी सल्लाहकार रहनु भएको छ । समितिको कार्यकाल मिति २०७९।११।१५ गते देखि लागू भई एक वर्षका लागि हुनेछ । यसभन्दा अघि उक्त समितिको संयोजकमा इमर्जेन्सी एण्ड जेनेरल प्राक्टिस बिभागका एसोसिएट प्रोफेसर डा.प्रमेन्द्र प्रसाद गुप्ता रहनु भएको थियो ।

## डा.साह अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित



प्रतिष्ठानका पूर्व सहायक अस्पताल निर्देशक एवम् फरेन्सिक मेडिसिन बिभागका एसोसिएट प्रोफेसर डा.विकास साहलाई दुबई प्रहरीले आयोजना गरेको "World Police Summit" कार्यक्रममा "Good Samaritan Award 2023" अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनु भएको छ । उक्त अवार्डका लागि यस वर्ष डा.साह लगायत युनाइटेड अरब इमिरेट्सका मेजर टोम कोरोलेस र बेलायतका केभिन माइकल साउन्डर गरी अन्तिम सूचीमा तीनजना छनोट भएका थिए । अपराध न्यूनीकरणमा आफ्नो क्षेत्रमा योगदान दिने प्रहरी तथा चिकित्सकहरुलाई हरेक वर्ष प्रदान गर्ने गरिएको उक्त अवार्डका लागि विश्वभरिबाट आवेदन माग गर्ने गरिएको छ । प्राप्त आवेदनहरुलाई निर्णायक मण्डलबाट प्रदान गरिएको अंकका आधारमा छनोट भएकाहरु मध्ये Summit मा सम्मानका लागि अन्तिम तीनजनाको नामावली प्रकाशित गर्ने गरिएको छ । डा.साहलाई लैङ्गिक हिंसा पीडितहरू तथा त्यस्ता हिंसाविरुद्ध गरेको अभियान, कोरोना महामारीका बेला दिएको योगदान, आफ्नो समाजको सुधारका निमित्त गरेको विभिन्न शोधका आधारमा अवार्ड प्रदान गरिएको हो ।

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan G. Shrestha | Dr. Shailesh Mani Pokharel | Dr. Bhuwan G. Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan G. Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | Dr. Sangita Shah | Dr. Shailesh Mani Pokharel | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| | Dr.Shailesh Mani Pokharel | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology & Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonology, Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | Dr. Deebya Raj Mishra | | Dr. Deebya Raj Mishra | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology & Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | | | | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

***Source : Concerned Departments***

**Status of Operations done in Falgun, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 382 | 388 | 45 | 33 | 104 | 41 | 993 |
| Obst. & Gynae | 358 | 31 | 9 | 0 | 20 | 7 | 425 |
| Emergency | 111 | 0 | 20 | 0 | 8 | 0 | 139 |
| Day Care | 0 | 0 | 8 | 34 | 73 | 97 | 212 |
| Derma * | 100 | 21 | 380 | 41 | 269 | 30 | 841 |
| **Total** | **951** | **440** | **462** | **108** | **474** | **175** | **2610** |
| **General OT : 1887** | ***Number of safe abortion care service done : 46*** | | | | | | |
| **Paying OT: 723** | ***Number of cases done in Cardiac Catheterization Laboratory: 179*** | | | | | | |
| **** Asthetic procedures included in minor:*** | | | | | | | |

***Source: Office of the Metron***

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS**
**(Month of Falgun, 2079)**
Total admission: 0
Total Discharge: 0
Total PCR Test: 40
Total Positive: 0
Total Follow Up Positive: 0
Death: 0

**Source: Covid Hospital & Dept. of Microbiology**

**सम्पादन समूह**
डा.अन्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृत प्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिब्यराज थापा, शाखा अधिकृत
निरज पोख्रेल, सिनियर क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu